# कैलालीमा दिनेश एफएममा भएको आक्रमणसहित प्रेस स्वतन्त्रता हनन्का घटनाको अध्ययन गर्न नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले गठन गरेको स्थलगत अध्ययन टोलीको प्रतिवेदन -२०७७

## पृष्ठभूमि

कैलाली जिल्लाको धनगढीमा सञ्चालित दिनेश एफएममा एक समुह प्रवेश गरी सम्पादकीय कक्षमा कार्यरत सञ्चारकर्मी एंव कर्मचारीहरु माथि गरिएको आक्रमणको सम्बन्धमा स्थलगत अध्ययन गर्न नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले महासचिव रमेश विष्टको नेतृत्वमा सचिव रामप्रसाद दाहाल, केन्द्रीय सदस्य मिन बम, उत्तर विष्ट, श्याम भट्ट तथा सुदुरपश्चिम प्रदेशका अध्यक्ष अर्जुन शाह र कैलाली जिल्ला अध्यक्ष जगत साउद सम्लित स्थलगत अध्ययन समिति गठन गरेको थियो । अध्ययन समितिले दिनेश एफएममा भएको आक्रमण र कैलाली एंव सुदुरपश्चिम क्षेत्रकै प्रेस स्वतन्त्रता हनन्का सम्बन्धमा स्थलगत अध्ययन सम्पन्न गरेको छ ।

समितिले अध्ययनका क्रममा स्थानीय सञ्चारकर्मी, घटनाबाट पीडित सञ्चार माध्यम तथा सञ्चारकर्मी, प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यलय, इन्सेक प्रतिनिधि, दलित अधिकारकर्मीहरुको संस्थाको प्रतिनिधि, प्रदेश प्रहरीका निमित्त प्रमुख, प्रमुख जिल्ला अधिकारी, कैलाली प्रहरी प्रमुख, घटनासंग सम्बन्धी व्यक्ति तथा परिवारका सदस्य र सरोकारवाला अन्य व्यक्तिहरुसंग छलफल गरी निष्कर्ष तयार पारिएको छ ।

## घटनाक्रम

२०७७ भाद्र २६ गते दिउँसो धनगढीको दिनेश एफएम पुगेका स्थानीय युवाहरुको समुह सम्पादकिय कक्षमा पुगि सहायक सम्पादक जनक विष्ट, व्यवस्थापक अमिता कुँवर र प्राविधिक कल्पना सिंह माथि कुटपिट र दुर्व्यवहार भएको थियो । एफएमले प्रहरी हिरासतमा मृत्यु भएका रोशन विक संग सम्बन्धी समाचार प्रशारण र प्रकाशन गरेपछि उक्त घटना आत्महत्या नभई हिरासत भित्र हत्या गरिएको दावि गर्दै आक्रोषित समुहले पत्रकार तथा सञ्चारकर्मी माथि आक्रमण गरेको थियो । उक्त सञ्चार संस्थाले जिल्ला प्रहरी कार्यालयका डिएसपीलाई उदृत गर्दै ‘रोशन विकले आत्महत्या’ गरेको समाचार प्रकाशन र प्रशारण गरेको थियो ।

फिल्मीशैलीमा आएको आक्रमणकारीहरुको समुहले आक्रमणलाई भिडियो खिच्ने र फेसबुकलाई समेत गरेको सम्बद्ध व्यक्तिहरुले बताएका छन् । घटनापछि नेपाल पत्रकार महासंघ केन्द्र, प्रदेश र जिल्ला तथा अधिकारवादी संघसंस्थाहरुले आक्रमणको विरोध गर्दै प्रेस विज्ञप्ती जारी गरेका छन् भने महासंघको कैलाली शाखाको अगुवाईमा पत्रकारहरु स्थानीय प्रशासन र प्रदेश सरकारलाई दवाव दिन आन्दोलन मै उत्रिएको थिए । सञ्चारकर्मीहरुको दवाव पछि स्थानीय प्रशासनले आक्रमणकारीको खोजी र घटनाको अनुसन्धानमा तदारुपता देखाईएको पाइयो ।

## कैलालीमा नै श्रृंखालावद्ध घटना

दिनेश एफएममा भन्दा अघि पनि कैलालीमा पत्रकारहरु माथि श्रृंखलाबद्धरुपमा आक्रमणका घटना भएका छन् । भदौं ३१ गतेबाट बेपत्ता भएकी कैलालीको घोडाघोडी नगरपालिका सुखड स्थित कैलाली एफएममा कार्यरत पत्रकार निर्मला पहराईको रहस्यम मृत्यु भएको छ । असोज २ गते स्थानीय फुलबारी सामुदायिक बनमा झुण्डिएको अवस्थामा उनको शव भेटिएको छ । स्थानीय प्रहरी घटनाबारे छानविन भइरहेको र दुई जनालाई छानविनका लागि नियन्त्रणमा लिईको महासंघको अध्ययन टोलीलाई बताएको छ ।
२०७७ साउन २७ कैलालीको टिकापुरमा कान्तिपुर संवाददाता गणेश चौधरी माथि आक्रमण भएको थियो । कैलालीमा नै यही समयमा अन्य प्रेसमाथिको आक्रमणका घटनाहरु घटेका छन् ।

## घटनाबारे दिनेश एफएमको भनाई

प्रकाशित प्रशारित समाचारको विषयलाई लिएर कार्यालय भित्रै भौतिक आक्रमण खेप्नु परेकोमा दिनेश एफएम सम्बद्ध व्यवस्थापन, पत्रकार र कर्मचारी त्रसित हुनुका साथै असुरक्षित महशुस गरेका छन् । नेपाल प्रहरीको जिम्मेवार अधिकारीलाई उदृत गरेर सम्प्रेषण गरिएको समाचारको विषयलाई यति ठुलो आक्रमणको सिकार बन्नुपर्ला भनेर कल्पना नगरेको एफएममा कार्यरत पत्रकारहरुले अध्ययन टोलीलाई बताए । यो आक्रमणलाई एफएमले विचार तथा अभिव्यक्ति स्वतन्त्रता माथिको हमलाका रुपमा बुझेको छ । समाचारमा चित्त नबुझे वा त्रुटि भए त्यसलाई खण्डन गर्न अथवा सच्चाउन तयार रहेको बताउँदा बताउँदै आफुहरु माथि आक्रमण गरिएको पीडित पत्रकारहरुले बताएका छन् ।
एफएमका सञ्चालक गोपाल हमालले आक्रमण प्रति दुख व्यक्त गर्दै आक्रमणकारी विरुद्ध किटानी जायरी दिएकाले उनीहरुलाई कानुन अनुसार कारबाही हुनुपर्ने माग गर्नु भयो । उहाँले आफ्नो संस्था माथि यति ठुलो आक्रमण भएको बेला पत्रकार महासंघले अभिभावकको भुमिका  खेलेकोमा खुशी व्यक्त गरे ।

## अधिकारकर्मीहरुको भनाई

राष्ट्रिय मानव अधिकार आयोग सुदुरपश्चिम प्रदेशका प्रमुख निर्देशक झंकरबहादुर रावलले महासंघको अध्ययन टोली समक्ष घटनाबारे आयोगको गम्भिर ध्यानकर्षण र चासो रहेको बताउनु भयो । उहाँले आयोगले पनि  घटनाबारे अनुसन्धान गरिरहेको जानकारी दिनुभयो । पछिल्ला दिनमा दिनेश एफएमसहित कैलालीको सञ्चार क्षेत्रमा घटेका प्रेस स्वतन्त्रता हननका घटनालाई आयोगले गम्भिर चिन्ताको विषयका रुपमा लिएको रावलले बताउनु भयो ।

इन्सेक सुदुरपश्चिमका प्रमुख खडकराज जोशीले पछिल्ला दिनमा पत्रकार माथि निरन्तर आक्रमण हुनु गम्भिर चिन्ताको विषय भएको बताउनु भयो । उहाँले प्रेस माथि घटेको घटनामाथि इन्सेकले अनुगमन गरिरहेको बताउनु भयो ।

## स्थानीय सञ्चारकर्मीको भनाई

दिनेश एफएम माथि भएको पछिल्लो आक्रमण र कैलालीमा घटेका पछिल्ला प्रेस स्वतन्त्रता हननका घटना बारे अध्ययन टोलीले दुई चरणमा स्थानीय सञ्चारकर्मीहरुसंग छलफल गर्‍यो । नेपाल पत्रकार महासंघ सुदुरपश्चिचक समिति, महासंघ कैलाली शाखा, सामुदायिक रेडियो प्रसारक संघ सुदुरपश्चिचम समिति, महासंघका पूर्व पदाधिकारी तथा जिल्लाका अग्रज पत्रकारहरुसंग अध्ययन टोलीले अन्तरक्रिया र छलफल गरेको थियो ।

छलफलमा सञ्चारकर्मीहरुले पछिल्लो पटक दिनेश एफएम माथि भएको आक्रमणले समग्र कैलालीकै पत्रकारिता असुरक्षित र त्रसित भएको बताए । कैलालीमा सञ्चारकर्मी माथि आक्रमणका घटना बढिरहेका बेला सञ्चार गृहमा नै प्रवेश गरेर खुलमखुल्ला आक्रमणको घटना भएकाले समग्र सञ्चार क्षेत्रले असुरक्षाको महशुस भएको सञ्चारकर्मीहरुको भनाई छ ।
पटक पटक आक्रमण हुँदा पनि दोषि माथि कारबाही नहुँदा यस्ता घटना बढ्दै गएको पत्रकारहरुको बुझाई छ । प्रेस माथि आक्रमण बढेकैले निर्धकसंग काम गर्ने वातावरण नभएको उनीहरुले बताए । पत्रकार महासंघ कैलाली र सुदुरपश्चिम प्रदेश समितिले सडकमै उत्रिएर विरोध जनाएपछि पत्रकारहरुको आत्मबल बढेको उनीहरुको भनाई छ । विशेष गरेर सत्तासंग जोडिएका व्यक्तिसंग जोडिएको समुह, चोरी तस्करीमा संलग्न र प्रहरीसंग जोडिएका व्यक्तिहरुले नै पत्रकारलाई निशाना बनाउने गरेको सञ्चारकर्मीहरुले अध्ययन टोलीलाई बताए ।

पत्रकारहरुले पनि समाचार सम्प्रेषण गर्दा घटनाको गम्भिरतालाई ख्याल गर्दै आचारसंहितको पालना गर्नु पर्ने आवश्यकता रहेको सञ्चारकर्मीहरुले बताए ।

**प्रदेश सरकारको भनाई**

महासंघको अध्ययन टोलीले सुदुरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टसंग कैलालीसहित सुदुरपश्चिमको प्रेस स्वतन्त्रताको बारेमा छलफल गरेको छ । उहाँले सञ्चार क्षेत्रमाथि आक्रमण गर्नेलाई कहिकतैबाट संरक्षण नहुने र कानुन अनुसारको कारबाही गर्न प्रदेश सरकार दृढ रहेको अध्ययन टोलीलाई बताउनु भयो । कानुनलाई नै हातमा लिएर गरिने आक्रमणको मुख्यमन्त्री भट्टले निन्दा गर्नु भयो ।

मुख्यमन्त्री भट्टले समाचार सामग्री आलोचनात्मक हुनुपर्ने तर त्यस्ता समाचार सत्यमा आधारित हुनुपर्ने बताउनु भयो । पत्रकार आचारसंहिताको पालनामा ध्यान दिनपनि मुख्यमन्त्रीले सुझाव दिनु भयो । उहाँले प्रदेश सरकार स्वतन्त्र पत्रकारिताको पक्षमा रहेको बताउनु भयो ।

**स्थानीय प्रशासन र प्रहरीको भनाई**

महासंघको टोलीले सुदुरपश्चिम प्रदेशका निमित्त प्रमुख एसएसपी मुकेशकुमार सिंहसंग छलफल गर्‍यो । उहाँले सञ्चारकर्मीको सुरक्षाप्रति प्रहरी संवेदनशिल रहेको बताउनु भयो । घटनामा संलग्नलाई कारबाहीको दायरामा ल्याउने सिंहले प्रतिबद्धता जनाउनु भयो । उहाँले प्रदेश मातहतका प्रहरी

कार्यालयहरुलाई पत्रकारको सुरक्षाको सवालमा थप गम्भिर बन्न निर्देशन दिने प्रतिबद्धता जनाउनु भयो ।

कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहरा र कैलाली प्रहरी प्रमुख एसपी अनुपम शमसेर जवरा संग पनि महासंघ टोलीले छलफल गर्‍यो । प्रजिअ बोहराले न्याय पाएको अनुभुति हुनेगरी कारबाही प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाउनु भयो । सबै कोणबाट अनुसन्धान भइरहेको बोहराले बताउनु भयो । हिरासतमा रोशन विकको मृत्यु भएको घटनालाई पनि गम्भिरता पूर्वक छानविन भइरहेको बोहराले बताउनु भयो । यस सम्बन्धमा सत्यतथ्य बाहिर ल्याउने प्रजिअ बोहराले प्रतिबद्धता जनाउनु भयो ।

**धनगढी उपमहानगरपालिका मेयरको भनाई**

धनगढी उपमहानगरपालिका मेयर नृपबहादुर ओडसंग पनि महासंघ अध्ययन टोलीले कुराकानी गर्‍यो । अध्ययन टोली धनगढी भएका बेला मेयर काठमाडौंमा रहनु भएकाले टेलीफोनमा संक्षिप्त कुराकानी भयो । मेयर ओडले एफएम माथिको आक्रमण दुखत भएको बताउँदै जनप्रतिनिधिका हैसियतले छानविनमा सघाएको बताउनु भयो ।

दिनेश एफएमले आफु विरुद्ध आधारहिन र एकपक्षिय समाचार सम्प्रेषण गर्ने गरेको गुनासो मेयर ओडले महासंघ अध्ययन टोलीसंग गर्नु भयो । गत स्थानीय निर्वाचनमा दिनेश एफएमका सञ्चालक गोपाल हमाल र ओड मेयरका प्रतिस्पर्धी हुनुहुन्थ्यो ।

**रोशन विक मृत्यु प्रकरण**

भदौ २२ गते पक्राउ परेका स्थानीय रोशन विकले भदौ २६ गते आत्महत्या गरेको भन्दै प्रहरीले घटना सार्वजनिक गर्‍यो । सोहि समाचार दिनेश एफएमले आफ्नो अनलाईन संस्करणमा प्रकाशन गरेपछि यो प्रकरणको सुरुवात भएको हो । पीडितका आफन्त र स्थानीय दलित समुदायले घटना रहस्यमय भन्दै विरोध जनाए । सोहिक्रममा विकको आत्महत्या नभई हत्या भएको दावि गर्ने समुहले दिनेश एफएम माथि आत्र ऽमण गरेको हो ।
सञ्चार माध्यम माथिको आक्रमण आफैमा निन्दनिय र गम्भिर घटना हो । तर पनि रोशन विकको आत्महत्या हो वा हिरासत भित्र हत्या हो भन्ने गम्भिर प्रश्न भने उठेको छ । महासंघ टोलीले मृतकका परिवारसंग घरमा नै पुगि छलफल गरेको थियो । मृतकका बुबा टेकबहादुर विकले आफ्नो छोराको हिरासतमा नै हत्या भएको बताउनु भयो । उहाँले निष्पक्ष छानविनको माग गर्नु भयो ।

दिनेश एफएम माथि आक्रमण गर्न आफुले कसैलाई नभनेको र घटनाप्रति आफुलाई पनि दुख लागेको बताउनु भयो । एफएममा आक्रमण गर्ने युवाहरुको परिवारले आफुलाई तिम्रो छोराको कारण हाम्रा मान्छे कारबाहीमा परेभन्दै तनाव दिएको गुनासो विकले महासंघ टोलीसंग गर्नु भयो । मृतकका दाई

रवि विकले समाचार एकपक्षिय भएको कारण युवाहरुले आक्रोश थाम्न नसकेर घटना हुन पुगेको बताउनु भयो । उहाँले हिरासत भित्र आफ्नो भाईलाई हेर्न नदिइएको बताउनु भयो । उहाँले अस्पताल पुगेर आफैले भाईको शवको तस्विर खिचेको र थुप्रै घाउचोट देखेको बताए । उक्त तस्विर सञ्चार माध्यम र सामाजिक सञ्जालमा समेत आएको बताउनु भयो ।

**अध्ययन टोलीको निष्कर्ष**

- स्थलगत अवलोकनका साथै विभिन्न सरोकारवाला पक्षहरुसंगको छलफल र अन्तरक्रियापछि स’द’रपश्चिम प्रदेशको राजधानी कैलालीको पत्रकारिता असुरक्षित रहेको निष्कर्ष महासंघ अध्ययन टोलीले निकालेको छ । श्रृंखलाबद्ध ढंगबाट पत्रकार र सञ्चार माध्यममाथि आक्रमण हुनु र कानुनी कारबाही फितलो हुनुले कैलालीको सञ्चार क्षेत्र असुरक्षित बन्न पुगेको ठहर गर्दै यसले सुदुरपश्चिम प्रदेशमै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा असर पार्न सक्ने ठहर टोलीको छ ।

- दिनेश एफएम कैलालीको मात्र नभई सुदुरपश्चिम क्षेत्रकै व्यवसायिक र संस्थागत पत्रकारिताको विम्ब हो । उक्त सञ्चार गृहमाथि गरिएको आक्रमण र सम्पादकिय कक्षमा नै प्रवेश गरेर सञ्चारकर्मीमाथि गरिएको कुटपीट निन्दनिय छ । यसले कैलाली र सुदुरपश्चिम क्षेत्रका सञ्चारकर्मी र सञ्चार गृहको स’रक्षा चिन्ता बढाएको टोलीको ठहर छ ।

- घटनापछि संलग्न दोषिहरुलाई कानुनी कारबाहीको दायरामा ल्याउन तत्काल तदारुपता देखाइएको पाइएन । महासंघको नेतृत्वमा सडक आन्दोलन, केन्द्रबाट अध्ययन टोली र मानव अधिकारवादी संघसंस्थाहरुको चर्को विरोधपछि मात्रै कारबाहीको प्रक्रिया अगाडी बढाइएको पाइयो । यसले प्रेस माथिको आक्रमणको घटनामा छानविन गर्न स्थानीय प्रशासन आफैमा समयमै सचेत रहेन भन्ने देखिन्छ ।

- पत्रकार निर्मला पहराईको रहस्यमय मृत्यु सम्बन्धमा गहिरो र निष्पक्ष छानविनको आवश्यकता रहेको महासंघ अध्ययन टोलीको निष्कर्ष छ । अनुसन्धान र छानविनका लाथि थप दवाव सृजना गर्नु पर्ने आवश्यकता देखिन्छ ।

- विगतमा प्रेस स्वतन्त्रताका घटनामा संलग्नहरुलाई उचित ढंगको कानुनी कारबाही नभएकैले यस्ता घटनाहरुको पुनरावृत्ति भइरहेको अध्ययन टोलीको निष्कर्ष छ ।

- सञ्चार माध्यमहरुले पनि समाचार सम्प्रेषण गर्दा आचारसंहिताको परिपालनामा विशेष ध्यान दिनुपर्ने अध्ययन टोलीको निष्कर्ष छ । समाचार सामग्री सम्प्रेषण गर्दा एकपक्षीय स्रोतको मात्रै भर पर्नु भन्दा पत्रकारिताको दृष्टिले थप सन्दर्भ सामग्री जुटाउने तर्फ सजक हुन आवश्यक

देखिन्छ । साथै जातजाती, धर्म र सम्प्रदायको भावनालाई समेत सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

- सञ्चार माध्यम सन्तुलित र पुर्वाग्रह मुक्त भएर सञ्चालन हुनुपर्दछ । जसले गर्दा सञ्चार माध्यम र त्यसका उपभोक्ता विच अनावश्यक द्धन्द्ध सृजना हुँदैन ।

- प्रेस तथा अभिव्यक्ती स्वतन्त्रताको रक्षाका लागि सञ्चार क्षेत्र भित्र बलियो एकता आवश्यक हुन्छ । दिनेश एफएम माथि भएको आक्रमणको सन्दर्भमा कैलालीमा प्रर्दशन भएको एकता र महासंघको प्रदेश तथा जिल्लाको प्रंशसनिय भुमिकाको कारण ससक्त दवाव सृजना भएको महासंघ अध्ययन टोलीको निष्कर्ष छ ।

रमेश विष्ट
संयोजक /महासचिव
नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति

रामप्रसाद दाहाल
सदस्य/सचिव
नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति

मिन बम
सदस्य/केन्द्रीय सदस्य
नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति

उत्तर विष्ट
सदस्य/केन्द्रीय सदस्य
नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति

श्याम भट्ट
सदस्य/केन्द्रीय सदस्य
नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति

अर्जुन शाह
सदस्य/ अध्यक्ष
सुदुरपश्चिम प्रदेश नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति

जगत साउद

सदस्य⁄ अध्यक्ष
कैलाली जिल्ला शाखा  नेपाल पत्रकार महासंघ स्थलगत अध्ययन समिति